आज मिति २०८०/०२/२६ गते शुक्रबारका दिन दिउसो १ बजे पचरौता न.पा.को राजश्व परामर्श समितिको संयोजक नगर उपप्रमुख श्री नसिमा खातुन ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमको उपस्थितिमा देहाय बमोजिको निर्णय गरियो।

उपस्थिती

श्री नसिमा खातुन - संयोजक नसिमा खातुन

श्री महेश कुमार मिश्र — सदस्य

श्री गगनदेव प्रसाद यादव — सदस्य

श्री जिना खातुन - सदस्य

श्री बृजा प्रसाद बरै — सदस्य सचिव

आमन्त्रित

श्री जलन्धर सिंह जैस्वार — नगर प्रमुख

श्री लक्ष्मी यादव- वडा अध्यक्ष प.न.पा.५

श्री मुकेश कुमार सिंह - शिक्षा सहायक

श्री हासिम अंसारी - लेखा प्रमूख

श्री सुनिल कुमार साह — योजना प्रमुख

श्री गौरी साह - प्रशासन प्रमुख

प्रस्ताव नं. १ - आ.व.२०८०/०८१ का लागी आर्थिक ऐन २०८० सम्बन्धमा।

निर्यण नं. १ — आ.व.२०८०/०८१ देखी यस पचरौता नगरपालिकामा लागु हुने गरी तल उल्लेखित आर्थिक ऐन २०८० यस नगरपालिकाको नगरसभाबाट स्वीकृत गराई लागु गर्ने निर्णय गरियो।

नसिमा खातुन

## पचरौता नगरपालिकाको आर्थिक ऐन २०८०

**पचरौता नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन**

प्रस्तावना:

पचरौता नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) तथा स्थानीय सरकार संचालन ऐनको दफा ५४ बमोजिम पचरौता नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन २०८० साल श्रावण १ गतेदेखि (अर्थात नगर सभाले पारित गरेको मिति देखि ) पचरौता नगरपालिका क्षेत्रमा लागु हुनेछ ।

२. सम्पति कर: (१) नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको एकीकृत सम्पति कर असुल उपर गर्नु अघि नगरक्षेत्र भित्रका जग्गाहरु र घर भवन लगायत भौतिक संरचनाहरूको वर्गीकरण गरी मूल्याङ्कन गर्ने तथा संरचनाहरूको ह्रास कट्टी दर नगर कार्यपालिकाले तोकिए बमोजिम हुनेछ ।

३. भूमि कर (मालपोत): नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. घर वहाल कर: नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. व्यवसाय कर: नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूंजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

CS CamScanner

६. <u>बहाल बिटौरी शुल्क:</u> नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (५) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

७. <u>पार्किङ शुल्क:</u> नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (६) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

६. <u>जडिबुटी, कवाडी र जीवजन्तु कर:</u> नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (७) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. <u>सेवा शुल्क, दस्तुर:</u> नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (८) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीवाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

८. <u>सवारी साधन कर:</u> नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (९) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

९. <u>विज्ञापन कर:</u> नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (१०) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

१०. <u>कर छुट:</u> यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

११. <u>कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि:</u> यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

अनुसूचि-१

(दफा २ संग सम्वन्धित)

स्थानीय सरकार संचालन ऐनको दफा (५५) बमोजिम

<u>वार्षिक एकिकृत सम्पत्ति करका दरहरू</u>

| सि.नं. | करयोग्य एकीकृत सम्पत्तिको मूल्यांङ्कन | एकीकृत सम्पत्ति करको दर | |
|---|---|---|---|
| | | अंकमा | अक्षरमा |

| | | | |
|---|---|---|---|
| १ | रू. ५ लाख सम्म एकमुष्ट | ५०।- | पचास रूपैयाँ मात्र |
| २ | रू. ५ लाख देखि माथि ५० लाख सम्म प्रतिलाख | १०।- | दश रूपैयाँ प्रतिलाख |
| ३ | रू. ५० लाख देखि माथि २ करोड सम्म प्रतिलाख | २०।- | वीस रूपैयाँ प्रतिलाख |
| ४ | रू. २ करोड देखि माथि ३ करोड सम्म प्रतिलाख | २५।- | पच्चिस रूपैयाँ प्रतिलाख |
| ५ | रू. ३ करोड देखि माथि ५ करोड सम्म प्रतिलाख | ३०।- | तीस रूपैयाँ प्रतिलाख |
| ६ | रू. ५ करोड देखि माथि सबैमा प्रतिलाख | ४०।- | चालिस रूपैयाँ प्रतिलाख |

अनुसूचि–२

(दफा ३ संग सम्बन्धित)

स्थानीय सरकार संचालन ऐनको दफा (५६) बमोजिम

वार्षिक भुमिकर तथा मालपोतका दरहरू

| सि. नं. | भूमिकर र मालपोतको विवरण | वार्षिक करको दर |
|---|---|---|
| आर्थिक वर्ष २०७५।७६ देखि यो करलाई एकिकृत सम्पत्ति करले विस्थापन गरेमा गत विगतको बक्यौता असुल गर्ने र सम्पति कर तथा मालपोत/ भुमिकर दुवै लिनु पर्ने अवस्थामा मालपोतको लागि प्रथम नगरसभाबाट तोकेको दर अनुरुप नै असुल उपर गरिनेछ । | | |

अनुसूची-२ सँग सम्वन्धित

| | |
|---|---|
| मालपोत करको दर | प्रति कठ्ठा रुपैया पाँच (५) आर्थिक वर्ष २०८०/०८१ देखी<br>नोटः तर रुपैया २० (वीस) भन्दा कम मुल्यांकन भएको जग्गाको हकमा न्यूतम रुपैया २० (वीस) अनिवार्य रुपमा मालपोत कर लाग्नेछ। |

अनुसूचि–३

(दफा ४ संग सम्बन्धित)

स्थानीय सरकार संचालन ऐनको दफा (५७) बमोजिम

घरजग्गा वहाल करका दरहरू

CamScanner

| सि. नं. | नगर क्षेत्रभित्र लगाईने घरजग्गा बहाल करको विवरण | आ.व. २०८०/०८१ को लागि करको दर |
|---|---|---|
| १ | नगर क्षेत्रभित्रको घर, फल्याट, कोठा, पसल, ग्यारेज, गोदाम, टहरा, शेड, (छप्पर), कारखाना, पोखरी तथा जग्गा पूरै वा आंशिक रुपमा भाडा तथा लिजमा लगाएको मा सम्वन्धित धनीबाट बहाल रकमको | वार्षिक १० (दश) प्रतिशत |

अनुसूचि-४

(दफा ५ संग सम्बन्धित)

स्थानीय सरकार संचालन ऐनको दफा (५८) बमोजिम

व्यवसाय करका दरहरू

| सि.नं. | नगर क्षेत्रभित्र लगाईने व्यवसाय करको विवरण | वार्षिक करको दर | |
|---|---|---|---|
| | | आ.व. २०७९/८० | आ.व. २०८०/०८१ |
| १ | व्यापारिक वस्तु | | |
| १.१ | चुरोट, रक्सी, ज्वेलरी, भिडियो, क्यासेट रिकर्डर तथा प्लेयर, आदिको थोक तथा खुद्रा | | |
| | चुरोट, मदिरा पसल थोक (वितरक र डिलर समेत) | १२००।- | १२००।- |
| | चुरोट, मदिरा पसल खुद्रा | ८००।- | ८००।- |
| | सुनचांदी /ज्वेलरी पसल (निर्माण, मर्मत र खरिद बिक्री समेत) | ८००।- | ८००।- |
| | सुनचांदी/ज्वेलरी पसल (निर्माण र विक्री मात्र) | ७००।- | ७००।- |
| १.२ | निर्माण सामाग्री, कम्प्युटर, बिघुत सामान, क्यामेरा, टेलिभिजन, रेडियो, कार्पेट, पेट्रोलियम पदार्थ जस्ता वस्तुको थोक तथा खुद्रा व्यापारमा | | |
| | निर्माण सामाग्री सिमेन्ट, रड, फिटिङ्स आदिको बिक्रेता (डिलर समेत) | २०००।- | २०००।- |

| | | | |
|---|---|---|---|
| | निर्माण सामाग्री सिमेन्ट, रड, कर्कटपाता, फिटिङ्स आदिको खुद्रा बिक्रेता | १०००।- | १०००।- |
| | कम्पुटर बिक्रेता र बिद्युत सामाग्री बिक्रेता | ८००।- | ८००।- |
| | टि.भी., रेडियो, घडी तथा क्यामेरा (खुद्रा बिक्री तथा मर्मत) पसल | ७००।- | ७००।- |
| | कार्पेट तथा फर्निसिङ्गका सामाग्री बिक्रेता | ८००।- | ८००।- |
| | पेट्रोलियम पदार्थ बिक्रेता (पेट्रोल पम्प) | १००००।- | १००००।- |
| | ग्यास सिलिण्डर पेट्रोल मट्टीतेल बिक्रेता | ८००।- | ८००।- |
| १.३ | दैनिक उपभोगका खाद्य पदार्थ, सुती कपडा आदिको थोक तथा खुद्रा ब्यापारमा | | |
| | खाद्यान्न तथा किराना थोक पसल | १२००।- | १२००।- |
| | खाद्यान्न तथा किराना खुद्रा पसल | ८००।- | ८००।- |
| | कपडा पसल/रेडिमेड स्टोर्स श्रेणी थोक पसल | १२००।- | १२००।- |
| | कपडा पसल (थान) तथा सिरक, डसना, तकिया तयारी र बिक्री पसल | ८००।- | ८००।- |
| | कपडा पसल/रेडिमेड स्टोर्स | ८००।- | ८००।- |
| | स्टेशनरी, पुस्तक र पत्रपत्रिका पसल | ८००।- | ८००।- |
| | थोक तथा खुद्रा रेडिमेड जुत्ता चप्पल पसल बिक्रेता | ८००।- | ८००।- |
| | छाला जुत्ता चप्पल (स्थानीय निर्माण) बिक्री तथा मर्मत पसल | ७००।- | ७००।- |
| | पान पसल | ५००।- | ५००।- |
| | फलफूल तथा सब्जी पसल | ७००।- | ७००।- |
| | हल्का पेय पदार्थ बिक्रेता र कोल्ड स्टोर पसल | ८००।- | ८००।- |
| १.४ | सवारी साधन बिक्रेता | | |
| | मोटर साईकल, टेम्पो तथा साईकल बिक्रेता | २०००।- | २०००।- |
| | हेभी इक्विपमेन्ट, बस, ट्रक, ट्रयाक्टर तथा कार बिक्रेता | २०००।- | २०००।- |
| २ | बिशेषज्ञ परामर्श तथा अन्य व्यावसायिक सेवा | | |

CamScanner

| | | | |
|---|---|---|---|
| | चिकित्सक, इन्जिनियर, लेखा परिक्षक | १०००।- | १०००।- |
| | कानून व्यवसायी/कानूनी सेवा/ल फर्म | १०००।- | १०००।- |
| | कविराज, दन्त चिकित्सक र पशु चिकित्सक | १०००।- | १०००।- |
| | अनुसन्धानकर्ता तथा परामर्श दाता | १०००।- | १०००।- |
| | कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | १०००।- | १०००।- |
| | बीमा एजेन्ट सर्भेयर अनुवादक आदि | १०००।- | १०००।- |
| | सामान ढुवानीकर्ता तथा कम्पनी/सप्लायर्स | १०००।- | १०००।- |
| | संघ संस्था सुचिकृत दर्ता शुल्क | ३००/- | ३००/- |
| | | | |
| ३ | निर्माण व्यवसाय (नगरक्षेत्र भित्र ठेगाना भएको | | |
| | निर्माण व्यवसाय दर्ता शुल्क | ५०००।- | ५०००।- |
| | क श्रेणी नविकरण शुल्क | ४०००।- | ४०००।- |
| | ख श्रेणी नविकरण शुल्क | ३०००।- | ३०००।- |
| | ग श्रेणी नविकरण शुल्क | २०००।- | २०००।- |
| | घ श्रेणी नविकरण शुल्क | १०००।- | १०००।- |
| ४ | उत्पादनमूलक उद्योग | | |
| | कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गईरहेको वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने उद्योग व्यवसायमा | १५००।- | १५००।- |
| | डेरी उद्योग | १०००।- | १०००।- |
| | घरेलु कुटिर उद्योग | ७००।- | ७००।- |
| ५ | उर्जामूलक उद्योग | | |
| | जलश्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्यास, वायोग्यास तथा अन्य श्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग व्यवसायमा | १०००।- | १०००।- |

| | | | |
|---|---|---|---|
| ६ | कृषि तथा वनजन्य उद्योग (मूलतः कृषि वा वन पैदावारमा आधारित उद्योग व्यवसायमा) | | |
| | फर्निचर उद्योग (निर्माण, खरिद तथा बिक्री) | १५००।- | १५००।- |
| | राइस मिल | ८००।- | ८००।- |
| | विभिन्न जडिबुटी संकलन, प्रशोधन तथा खरिद बिक्री केन्द्र | ८००।- | ८००।- |
| | नेपाली कागज उद्योग | ७००।- | ७००।- |
| ७ | खनीज उद्योग | | |
| | खनीज उत्खनन् वा प्रशोधन गर्ने उद्योग व्यवसायमा | ५०००।- | ५०००।- |
| | ईंटा टायल उद्योग व्यवसायमा | १००००।- | १००००।- |
| ८ | पर्यटन उद्योग | | |
| | पर्यटक, आवास, होटेल, रेष्टुरा, रिसोर्ट, ट्राभल एजेन्सी, पदयात्रा, आदि उद्योग व्यवसायमा | | |
| | होटल (चिया, नास्ता तथा मिठाई पसल) | ८००।- | ८००।- |
| | होटल (चिया, नास्ता तथा खाना समेत) | १०००।- | १०००।- |
| | होटल एण्ड लज (चिया, नास्ता तथा खाना समेत) | १०००।- | १०००।- |
| | होटल एण्ड लज (गेष्ट हाउस अटयाज्ड कोठा सहित) | २०००।- | २०००।- |
| | ट्रेकिङ तथा ट्राभल एजेन्सी | १०००।- | १०००।- |
| | होटल सम्बन्धी तालिम सञ्चालन गर्ने होटल/इस्टिच्युट | १०००।- | १०००।- |
| ९ | सेवा उद्योग | | |
| | छापाखाना, अपसेट प्रिन्टिङ्ग प्रेस | १५००।- | १५००।- |
| | छापाखाना (स्क्रीन प्रिन्टको सेवा सहितको) | १०००।- | १०००।- |
| | छापाखाना (साधारण) | ७००।- | ७००।- |
| १० | निर्माण उद्योग | | |

CamScanner

| | | | |
|---|---|---|---|
| | ग्रील उद्योग | २०००।- | २०००।- |
| ११ | संचार सेवा | | |
| | निजी क्षेत्रको हुलाक सेवा | १०००।- | १०००।- |
| | टेलिफोन वा मोबाईल सेवा प्रदायक कम्पनी (शाखा समेत) | २०००।- | २०००।- |
| | साईवर कयाफे र फोटोकपी सेवा (इमेल, इन्टरनेट सहितको) | १०००।- | १०००।- |
| | निजी क्षेत्रको कुरियर सेवाको शाखा कार्यालय | ८००।- | ८००।- |
| | पत्रपत्रिका छपाई तथा प्रकाशन | ७००।- | ७००।- |
| | टाईपिङ्ग तथा कम्प्युटर डेक्सटप सेवा | ८००।- | ८००।- |
| १२ | वित्तीय सेवा | | |
| | आर्थिक कारोबार गर्ने वाणिज्य बैक | १०,०००।- | १०,०००।- |
| | आर्थिक कारोबार गर्ने विकास बैक | ५०००।- | ५०००।- |
| | आर्थिक कारोवार गर्ने वित्तीय कम्पनीको मुख्य र शाखा कार्यालय | २०००।- | २०००।- |
| | मनी ट्रान्सफर सेवा | १०००।- | १०००।- |
| | बीमा कम्पनीको शाखा कार्यालय | ५०००।- | ५०००।- |
| | बिदेशी मुद्रा सटही | २५००।- | २५००।- |
| | सहकारी बैक तथा बित्तीय ऋण सहकारी संस्था(लघुवित समेत) | ३०००।- | ३०००।- |
| १३ | स्वास्थ्य सेवा | | |
| | गैरसरकारी अस्पताल/सामुदायिक अस्पताल | १०००।- | १०००।- |
| | नर्सिङ्ग होम | २०००।- | २०००।- |
| | मेडिकल हल/औषधी पसल (डाक्टरको सेवा तथा ल्याव समेत उपलब्ध) | १५००।- | १५००।- |
| | मेडिकल हल/औषधी पसल (ल्यावको सेवा उपलब्ध) | १२००।- | १२००।- |
| | मेडिकल हल/औषधी पसल मात्र | १०००।- | १०००।- |

| | | | |
|---|---|---|---|
| १४ | **शिक्षा सेवा** | | |
| | निजी क्षेत्रका क्याम्पस, विश्व विद्यालय | ५००।- | ५००।- |
| | स्कुल, मन्टेश्वरी, छात्रावास | ५००।- | ५००।- |
| | कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | १०००।- | १०००।- |
| | अन्तराष्ट्रिय गैरसरकारी संस्था | ३०००।- | ३०००।- |
| | राष्ट्रिय गैरसरकारी संस्था | २०००।- | २०००।- |
| १५ | **मर्मत संभार सेवा** | | |
| | हेभी इक्विपमेन्ट वस, ट्रक, कार, मोटर साईकल, टेम्पो मर्मत केन्द्र | २०००।- | २०००।- |
| | मोटर साईकल, टेम्पो तथा साईकल मर्मत केन्द्र | १०००।- | १०००।- |
| | रेडियो, टि.भी., घडी मर्मत केन्द्र | ५००।- | ५००।- |
| | प्रेशर कुकर, स्टोभ, हिटर तथा अन्य बिविध मर्मत केन्द्र | ५००।- | ५००।- |
| १६ | **अन्य सेवा** | | |
| | विज्ञापन सेवा/विज्ञापन एजेन्सी/कम्पनी | १५००।- | १५००।- |
| | व्युटी पार्लर, केश श्रृंगार, ड्राई क्लिनर्स, फोटो स्टुडियो आदि | १२००।- | १२००।- |
| | शैलुन/हजाम सेवा | ८००।- | ८००।- |
| | सिलाई टेलरिङ सेवा (लेडिज एण्ड जेन्स)/सिलाई प्रशिक्षण केन्द्र समेत | १२००।- | १२००।- |
| | साईनबोर्ड वनाउने पेन्टिङ्ग सेवा | ८००।- | ८००।- |
| | माछा मासु विक्रेता/फ्रेस हाउस | ५००।- | ५००।- |
| | फूल तथा विरुवा विक्रेता | ५००।- | ५००।- |
| | सिसा, प्लाईउड बिक्रेता | १०००।- | १०००।- |
| | भाँडाकुँडा बिक्रेता र खेलौना, उपहार (गिफ्ट) सामान बिक्रेता | १०००।- | १०००।- |
| | स्टिल, काठ, फर्निचर बिक्रेता | १२००।- | १२००।- |

| | | | |
|---|---|---|---|
| | केबुल नेटवर्किङ्ग | १०००।- | १०००।- |
| १७ | अन्य व्यवसाय | | |
| | पार्क, पिकनिक स्पट, टुर अप्रेटर | २०००।- | २०००।- |
| १८ | अस्थायी हाटबजार वा घुम्ती पसल (अस्थायी हाटबजार वा घुम्ती पसल राखी गरिने देहायको व्यवसायमा पटके रुपमा देहाय बमोजिम व्यवसाय कर लिईने छ) | | |
| | घुम्ती पसल, ठेला समेतमा | रू. ७०/- | रू. ७०/- |
| | चौपाया प्रतिगोटा | रू. ५०/- | रू. ५०/- |
| | हाँस कुखुरा प्रतिगोटा | रू. १०/- | रू. १०/- |
| | साग सब्जी फलफूल पसल | रू. ५०/- | रू. ५०/- |
| | अन्य | रू. ३०/- | रू. ३०/- |
| १९ | माथि समावेश नभएका सेवा, व्यवसायको कारोबारमा स्तर हेरी | | |
| | पाउरोटी उद्योग | १०००।- | १०००।- |
| | कृषि बिउ बिजन भण्डार | १०००।- | १०००।- |
| | पशु औषधी पसल एग्रो भेट | १०००।- | १०००।- |
| | टेण्ट तथा क्याटरिङ्ग सर्भिस | १०००।- | १०००।- |
| | सभाहल सञ्चालन (व्यावसायिक प्रयोजनका लागि) वा प्रति प्रतिदिन) (सेसन | २०००।- | २०००।- |

अनुसूचि -५

(दफा ६ संग सम्वन्धित)

स्थानीय सरकार संचालन ऐनको दफा (५९) बमोजिम

**बहाल बिटौरी शुल्कका दरहरू**

| सि. नं. | नगर क्षेत्रभित्र लगाईने बहाल बिटौरी शुल्कको विवरण | शुल्कको दर |
|---|---|---|
| १ | प्रति टहरो छाप्रो मासिक | रू २००।- |
| २ | प्रति घुम्ती मासिक | रू २००।- |
| ३ | प्रति ठेला मासिक | रू १००।- |

अनुसूचि –६

(दफा ७ संग सम्बन्धित)

स्थानीय सरकार संचालन ऐनको दफा (६०) बमोजिम

<u>पार्किङ शुल्कका दरहरू</u>

| सि. नं. | नगर क्षेत्रभित्र लगाईने पार्किङ शुल्कको विवरण | शुल्कको दर |
|---|---|---|
| १ | नगरपालिकाले तोकेको सवारी पार्कमा पार्किङ गरिएका बस, मिनिवस, ट्रक ट्याक्टरमा पार्किङ गर्ने समयको आधारमा एक पटकमा | रू.४०/- |
| २ | नगरपालिकाले तोकेको कार पार्किङ क्षेत्रमा पार्किङ्ग गर्ने कारमा पार्किङ गर्ने समयको आधारमा एक पटकमा | रू.२०/- |
| ३ | अन्य सवारी साधनहरुका लागि नगरपालिकाले तोकेका क्षेत्रहरुमा पार्किङ समयको आधारमा एक पटकमा | रू.१५/- |

अनुसूचि–७

(दफा ८ संग सम्बन्धित)

स्थानीय सरकार संचालन ऐनको दफा (६१) बमोजिम

<u>जडिबुटी, कवाडी र जीवजन्तु करका दरहरू</u>

| सि. नं. | नगर क्षेत्रभित्र लगाईने जडिबुटी, कवाडी र जीवजन्तु करको विवरण | करको दर |
|---|---|---|

CamScanner

| | | |
|---|---|---|
| १ | नगरपालिकाले संभाव्यता अध्ययन गरी पहिचान गरेका विषयक्षेत्रहरूमा आवश्यक मापदण्ड तोकी आगामी हिउँदे वा विशेष नगरसभाबाट करका दरहरू स्वीकृत गरी कार्यान्वयनमा ल्याउन सकिनेछ । | |

अनुसूचि–८

(दफा ९ संग सम्बन्धित)

स्थानीय सरकार संचालन ऐनको दफा ११ (२) घ. तथा दफा ६२ बमोजिम

**सेवा शुल्क, दस्तुरका दरहरू**

| सि. नं. | नगर क्षेत्रभित्र लगाईने सेवा शुल्क, दस्तुरको विवरण | शुल्कको दर आ.व. २०७९/८० | शुल्कको दर आ.व. २०७९/८० |
|---|---|---|---|
| १ | नेपाली नागरिकता प्रमाणपत्रको सिफारिस | | |
| | वंशज र जन्मको आधारमा तथा अंगिकृत र वैवाहिक अंगिकृत | निशुल्क | निशुल्क |
| | नागरिकता प्रतिलिपि सिफारिस | निशुल्क | निशुल्क |
| | नामथर संशोधन तथा प्रमाणित | निशुल्क | निशुल्क |
| | नावालक परिचयपत्र सिफारिस | निशुल्क | निशुल्क |
| २ | घरजग्गा सम्बन्धी विभिन्न सिफारिस | निशुल्क | निशुल्क |
| | मोही लगत कट्टा सिफारिस | निशुल्क | निशुल्क |
| | पूर्जामा घर कायम सिफारिस | निशुल्क | निशुल्क |
| | जग्गाधनी पूर्जाको प्रतिलिपि सिफारिस | निशुल्क | निशुल्क |
| | राजीनामा/रजिष्ट्रेशन पास सिफारिस | निशुल्क | निशुल्क |
| | अंशबण्डा पास सिफारिस | निशुल्क | निशुल्क |
| | बकस पास सिफारिस | रु-/५००. | रु-/५००. |

| | | | |
|---|---|---|---|
| | नामसारी सिफारिस | निशुल्क | निशुल्क |
| | नरवढी तथा छुट जग्गा दर्ता सिफारिस | निशुल्क | निशुल्क |
| | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | निशुल्क | निशुल्क |
| | घर पाताल सिफारिस | निशुल्क | निशुल्क |
| | घरजग्गा सम्वन्धी अन्य सिफारिस | निशुल्क | निशुल्क |
| ३ | चारकिल्ला तथा घरबाटो सिफारिस | | |
| | एउटै निवेदनबाट वढीमा २ कित्तासम्मको सिफारिसमा | निशुल्क | निशुल्क |
| | एउटै निवेदनबाट २ कित्ता भन्दा बढीको सिफारिसमा एमुष्ठ | निशुल्क | निशुल्क |
| ४ | घरजग्गा अचल सम्पत्ती मूल्यांकन (विद्यार्थीलाई ४० प्रतिशत छुट) | पैसा ५० मात्र प्रति हजार | पैसा ५० मात्र प्रति हजार |
| ५ | उद्योग, संस्था र व्यवसाय दर्ता तथा बन्द सम्वन्धी सिफारिस | | |
| | घरेलु उद्योग स्थापनाको लागि सिफारिस | रु.१००/- | रु.१००/- |
| | अन्य उद्योग स्थापनाको लागि सिफारिस | रु.५००/- | रु.५००/- |
| | उद्योग तथा व्यवसाय ठाउँसारी सिफारिस | रु.२००/- | रु.२००/- |
| | व्यवसाय सञ्चालन दर्ता तथा सिफारिस | रु.२००/- | रु.२००/- |
| | उद्योग तथा व्यवसाय वन्द भएको सिफारिस | रु.३००/- | रु.३००/- |
| | संस्था दर्ता सिफारिस | रु.५००/- | रु.५००/- |
| | विद्यालय दर्ता, संचालन र स्तरवृद्धि दस्तुर तथा सिफारिस समेत | निशुल्क | निशुल्क |
| ६ | विद्युत र धारा जडानको लागि सिफारिस | | |
| | घरायसी प्रयोजन विद्युत मिटर सिफारिस | निशुल्क | निशुल्क |
| | व्यावसायिक प्रयोजन विद्युत मिटर सिफारिस | निशुल्क | निशुल्क |

| | | | |
|---|---|---|---|
| | धारा जडानको लागि सिफारिस | निशुल्क | निशुल्क |
| ७ | नाता प्रमाणित | | |
| | जीवितसंगको नाता प्रमाणित | निशुल्क | निशुल्क |
| | मृतकसंगको नाता प्रमाणित | निशुल्क | निशुल्क |
| ८ | अन्य बिबिध सिफारिस | | |
| | निवेदन दस्तुर | निशुल्क | निशुल्क |
| | सवै किसिमका सर्जमीन दस्तुर | रु.२००/- | रु.२००/- |
| | उजुरी दर्ता तथा मुद्धा दस्तुर | निशुल्क | निशुल्क |
| | कोर्ट फी मिनाहा सम्वन्धी सिफारिस | निशुल्क | निशुल्क |
| | अपुतालीको सिफारिस | निशुल्क | निशुल्क |
| | कागज लिखत वा मन्जुरीनामा प्रमाणित | रु.२००/- | रु.२००/- |
| | जीवित रहेको सिफारिस | निशुल्क | निशुल्क |
| | हकवाला वा हकदार प्रमाणित | निशुल्क | निशुल्क |
| | संरक्षक सिफारिस व्यक्तिगत | निशुल्क | निशुल्क |
| | संरक्षक सिफारिस संस्थागत | निशुल्क | निशुल्क |
| | हैसियत प्रमाणित सिफारिस | निशुल्क | निशुल्क |
| | स्थायी वा अस्थायी वसोबास सिफारिस | निशुल्क | निशुल्क |
| | वैदेशिक रोजगारको सिफारिस | रु.५००/- | रु.५००/- |
| | स्वदेशी पेन्सन पट्टाको सिफारिस | निशुल्क | निशुल्क |
| | बिदेशी पेन्सन पट्टाको सिफारिस | रु.१०००/- | रु.१०००/- |
| | अंग्रेजी भाषामा गरिने (मूल्यांकन वाहेक) विभिन्न सिफारिस | रु.५००/- | रु.५००/- |
| | पशु चौपाया सम्वन्धी सिफारिस | रु-/५००. | रु-/५००. |

| | | | |
|---|---|---|---|
| | माथिको वर्गीकरणमा नपरेका अन्य बिबिध सिफारिस | रु.३००/- | रु.३००/- |
| | समावेशी प्रमाणित सिफारिस | निशुल्क | निशुल्क |
| | पशु चौपाया प्रति गोटा १ वर्षको बच्चा सहित | रु.३००/- | रु.३००/- |
| | कृषि उपज सिफारिस प्रति टेक्टर/बैल गाडा | निशुल्क | निशुल्क |
| | कृषि उपज सिफारिस प्रति ठूलो गाडी | निशुल्क | निशुल्क |
| | योजना/ कार्यक्रम सम्पन्न सिफारिस दस्तुर | रु.५००/- | रु.५००/- |
| | ज्येष्ठ नागरिकको मृत्यू पश्चात हकवालाले सिफारिस दस्तुर | निशुल्क | निशुल्क |
| | पुरानो घरको लागि नक्सा किताव खरिद दस्तुर | रु.१५००/- | रु.१५००/- |
| | नयाँ घरको लागि नक्सा किताव खरिद दस्तुर | रु.२०००/- | रु.२०००/- |
| ९ | व्यक्तिगत घटना सम्वन्धी सिफारिस | | |
| | पंजीकरण ऐन लागु हुन अघिको जन्म प्रमाणित र विवाह दर्ता प्रमाणित | निशुल्क | निशुल्क |
| | पंजीकरण ऐन लागु भएपछिको जन्म प्रमाणित र बिवाह दर्ता प्रमाणित | नियमानुसार | नियमानुसार |
| | पंजीकरण ऐन लागु हुन अघिको सम्वन्ध विच्छेद प्रमाणित | निशुल्क | निशुल्क |
| | पंजीकरण ऐन लागु भएपछिको सम्बन्ध विच्छेद प्रमाणित | निशुल्क | निशुल्क |
| | बसाइ सराइ प्रमाणित | निशुल्क | निशुल्क |
| | चारित्रिक सिफारिस तथा प्रमाणित | निशुल्क | निशुल्क |
| | बसोबास सिफारिस तथा प्रमाणित | निशुल्क | निशुल्क |
| १० | नयाँ व्यक्तिगत घटना दर्ता | | |
| | सबै व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र | निशुल्क | निशुल्क |
| | अर्को ३५ दिनसम्म जरिवाना | रु.५०/- | रु.५०/- |

CamScanner

| | | | |
|---|---|---|---|
| | ७० दिनपछि जरिवाना | रु.१००/- | रु.१००/- |
| | घटना दर्ताको नक्कल दस्तुर | रु.२००/- | रु.२००/- |
| | घटना दर्ता किताब हेरेको दस्तुर | रु.२००/- | रु.२००/- |
| ११ | बिशेष सिफारिसहरु | | |
| | विपन्नता तथा छात्रवृत्ति सिफारिस | निशुल्क | निशुल्क |
| | सामाजिक सुरक्षा कार्यक्रमका लागि नामावली सिफारिस | निशुल्क | निशुल्क |
| | प्राकृतिक प्रकोप पिडित राहत सिफारिस | निशुल्क | निशुल्क |
| | स्वास्थ्य उपचारको सिफारिस | निशुल्क | निशुल्क |
| | असक्त अपाङ्ग परिचय पत्रको सिफारिस | निशुल्क | निशुल्क |
| | असहाय, असक्त आर्थिक सहायता सिफारिस | निशुल्क | निशुल्क |
| १२ | नगरपालिकाले व्यवस्थापन गरेका निम्न स्थल सेवाहरूको उपयोग गरे बापत | | |
| | सेमिनार हल, तालिम हल (संचालनमा आएमा पछि तोकिने) | रु -/२०००. प्रतिदिन | रु -/२०००. प्रतिदिन |
| | आधुनिक शवदाह गृह (संचालनमा आएमा पछि तोकिने) | | |
| | सरसफाई सेवा शुल्क: नगरपालिकाको सफाई साधन/गाडीबाट फोहर मैला संकलन गरिने वजार क्षेत्रमा प्रतिघर प्रतिमहिना | रू.१००/- | रू.१००/- |
| १३ | घर नक्सापास दस्तुर | | |
| | (क) RCC फ्रेम स्ट्रक्चरबाट निर्माण भएको घर भवन (प्रति वर्ग फिट) | रू.४।- प्रतिवर्ग फिट | रू.४।- प्रतिवर्ग फिट |
| | (ख) RCC फ्रेम स्ट्रक्चर बाहेक ढुंगा र सिमेन्ट वा माटोको जोडाईले बनेको छत ढलान भएको वा जस्तापाता अथवा टायल लगायत अन्य सामाग्रीबाट छाना निर्माण भएको घर भवन (प्रति वर्ग फिट) | रू.२।- प्रतिवर्ग फिट | रू.२।- प्रतिवर्ग फिट |

CamScanner

| | | | |
|---|---|---|---|
| | (ग) माथि उल्लेखित (क) र (ख) बाहेक अन्य निर्माण सामाग्रीबाट बनेको सबै किसिमका कच्ची घर भवन | रू.१।- प्रतिवर्ग फिट | रू.१।- प्रतिवर्ग फिट |
| | (घ) कम्पाउण्ड वाल तथा अन्य शेड एवं टहरा | रू.१।- प्रतिवर्ग फिट | रू.१।- प्रतिवर्ग फिट |
| | (ङ) नक्सापास आवेदन (पुस्तिका र फायल) फारम शुल्क | रू. २००।- | रू. २००।- |
| | (च) निर्माण सम्पन्न प्रमाण पत्र जारी शुल्क | रू. ३००।- | रू. ३००।- |
| | (छ) नक्सापास प्रमाण पत्र वा ईजाजत नामसारी (कुनैपनि कारणले स्वामित्व परिवर्तन भएको अवस्थामा)<br>• (क) र (ख) वमोजिमको संरचनामा रू. ३००।-<br>• (ग) बमोजिमको संरचनामा रू. १००।-<br>• (घ) वमोजिमको अन्य शेड एवं टहरामा रू. २००।- | | |
| १४. | कपाली तमसुक प्रमाणित दस्तुर<br>क.१० लाख सम्मको दस्तुर<br>ख.१० देखि ५० लाख सम्मको दस्तुर<br>ग. ५० देखि १ करोड सम्मको दस्तुर | रु.२००/-<br>रु.३००/-<br>रु.५००/- | रु.२००/-<br>रु.३००/-<br>रु.५००/- |

अनुसूची ९

(दफा १० संग सम्वन्धित)

स्थानीय सरकार संचालन ऐनको दफा (६४) को उपदफा (१) (क) बमोजिम

**सवारी साधन करका दरहरू**

| सि. नं. | नगर क्षेत्रभित्र लगाईने सवारी साधन करको विवरण | करको दर आ.व.२०७८/७९ | करको दर आ.व.२०७९/८० |
|---|---|---|---|
| १ | टाँगा रिक्सा अटो रिक्सा र ई रिक्साको नयाँ सवारी दर्ता शुल्क | रू.२००/- | रू.२००/- |

| २ | टाँगा रिक्सा अटो रिक्सा र ई रिक्साको वार्षिक सवारी कर | रू.२००/- | रू.२००/- |
|---|---|---|---|

अनुसूचि -१०

(दफा ११ संग सम्बन्धित)

स्थानीय सरकार संचालन ऐनको दफा (६४) को उपदफा (१) (ग) बमोजिम

**विज्ञापन करका दरहरू**

| सि. नं. | नगर क्षेत्रभित्र लगाईने विज्ञापन करको विवरण | करको दर आ.व.२०७९/८० | करको दर आ.व.२०८०/८१ |
|---|---|---|---|
| १ | कपडाको व्यानर वनाई विज्ञापन गरे वापत प्रतिवर्ग मिटर | रू.२०/- | रू.२०/- |
| २ | पसलमा राखिएको स्थायी होडिङ वोर्ड/साईनबोर्डमा वार्षिक प्रतिवर्ग फिट | रू.२५/- | रू.२५/- |
| ३ | होडिङ बोर्डको मुख्य सडक र वजारक्षेत्र वार्षिक प्रतिवर्ग फिट | रू.४०/- | रू.४०/- |
| ४ | होडिङ बोर्डको मुख्य सडक वाहेक अन्य क्षेत्र र सडकमा वार्षिक प्रतिवर्ग फिट | रू.३०/- | रू.३०/- |

यस नगरपालिकाको अधिकार क्षेत्र भित्र भएका साना तथा ठूला गाडीहरु तपसिल बमोजिमका दररेटमा सञ्चालन गरिनेछ।

| गाडिहरुको नाम | दररेट | ईन्धन | ड्राईभरको भता पार्टीले दिनुपर्ने |
|---|---|---|---|
| ग्रेडर | १.रु.२५००/- प्रति घण्टा (नगरपालिका भित्र)<br>२.रु.२००००/-प्रति दिन (नगरपालिका बाहिर) | पार्टीले दिनुपर्ने | १.रु.२५० प्रति घण्टा<br>२.रु.२००० प्रति दिन |

CamScanner

| | | | |
|---|---|---|---|
| रोलर | १.रु.१,०००/- प्रति घण्टा (नगरपालिका भित्र)<br>२.रु.११,०००/-प्रति दिन (नगरपालिका बाहिर) | पार्टीले दिनुपर्ने | १.रु.१०० प्रति घण्टा<br>२.रु.१००० प्रति दिन |
| जे.सी.बी.( लोडर) | १.रु.१,०००/- प्रति दिन (नगरपालिका भित्र)<br>२.रु.१०,०००/-प्रति दिन (नगरपालिका बाहिर) | पार्टीले दिनुपर्ने | १.रु.५० प्रति टिप<br>२.रु.५०० प्रति दिन |
| टिपर | १.रु.१,०००/- प्रति टिप (नगरपालिका भित्र)<br>२.रु.४,०००/-प्रति दिन (नगरपालिका बाहिर) | पार्टीले दिनुपर्ने | १.रु.७० प्रति घण्टा<br>२.रु.५०० प्रति दिन |
| ट्रेक्टर | रु.२०००/- पर दिन | पार्टीले दिनुपर्ने | रु.२००/- |
| सफाई टंकी पर टंकी (प्रत्येक पटक) | १(रु.१०००/- | १.नगरपालिका भित्र नगरपालिकाले र वाहिर पार्टीले | रु.१००/-(हेल्पर सहित) |
| एम्बुलेन्स | •निःशुल्क | •निःशुल्क | •निःशुल्क |

नोटः नेपालको पर्सा,बारा,रौतहट र भारतको विहार राज्यको मोतिहारी सम्म मात्र यस नगरपालिकाबाट एम्बुलेन्स सेवा निःशुल्क सञ्चालन गरिनेछ। यस क्षेत्र भन्दा वाहिर एम्बुलेन्स सञ्चालन गर्नु परेमा जिल्ला एम्बुलेन्स व्यवस्थापन समितिले निर्धारण गरेको दररेट भन्दा १५% कम दररेटमा यस न.पा.को एम्बलेन्स सञ्चालन गरिनेछ। साथै निःशुल्क तोकिएको क्षेत्रभित्र यस पचरौता नगरपालिकाको व्यक्तिलाई मात्र निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ। अन्य क्षेत्रको व्यक्तिको हकमा जिल्ला दररेट भन्दा १५% कम दररेटमा मात्र एम्बुलेन्स सेवा प्रदान गरिनेछ।

<u>प्रस्ताव नं. २</u> — अमरपटी माछा पोखरी किता नं. २५२ ज.वि. २-११-० को न्यूनतम ठेक्का मूल्यांकन रकम सम्बन्धमा।

<u>निर्णय नं. २</u> — साविक गाविस अमरपटी वडा नं ३ हाल पचरौता नगरपालिका वडा नं ८ मा किता नं. २५२ ज.वि. २-११-० क्षेत्रफलमा रहेको अमरपटी माछा पोखरी को गत ठेक्का को म्याद सकिएकोले

CamScanner

नियमानुसार ठेक्का लगाउन यस अमरपटी माछा पोखरीको न्यूनतम ठेक्का मूल्यांकन रकम रु.२०,००,०००/- (अक्षरेपी रुपैया बीस लाख मात्र।) तोकी नगरसभाबाट स्वीकृत गराई ठेक्का लगाउने प्रक्रिया अगाडी बढाउने निर्यण गरियो।

प्रस्ताव नं. ३ — कपरफोरा माछा पोखरीको न्यूनतम मूल्यांकन सम्बन्धमा।

निर्यण नं ३ - साविक नमूना गाविस वडा नं ९ हाल पचरौता नगरपालिका वडा नं ७ को कि.न.२३२ को ज.वि. २-१२-१० क्षेत्रफलमा क्षेत्रफलमा रहेको कपरफोरा माछा पोखरी को गत ठेक्का को म्याद सकिएकोले नियमानुसार ठेक्का लगाउन यस कपरफोरा माछा पोखरीको न्यूनतम ठेक्का मूल्यांकन रकम रु.२०,००,०००/- (अक्षरेपी रुपैया बीस लाख मात्र।) तोकी नगरसभाबाट स्वीकृत गराई ठेक्का लगाउने प्रक्रिया अगाडी बढाउने निर्यण गरियो।